सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बङ्गाँडा, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.स:२०८०/०८१

च.नं: १३६६

मिति:२०८१।०२।०२

श्री वडा कार्यालयहरु सबै ।

श्री विषयगत शाखाहरु सबै ।

सरुमारानी गाउँपालिका, प्यूठन ।

विषयः निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।

प्रस्तुत विषयमा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८१।०१।३१ गतेको बैठकको निर्णय प्रतिलिपिहरु आवश्यक जानकारी एवं कार्यान्वयनका लागि यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

..............................

(देविराम पाठक)

प्रमुख प्रशासकीय अधिकृत

देविराम पाठक

प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क ठेगानाः सरुमारानी गाउँ कार्यपालिकाको कार्यालय बङ्गाँडा-०४, प्यूठान ,लुम्बिनी प्रदेश नेपाल

कार्यालयको फोन नं ९८५७८३६०२२ .Website:www.sarumaranimun.gov.np

Email :sarumarani2073@gmail.com

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झक बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

<u>बैठक संख्या-३८</u>

<u>गाउँकार्यपालिकाको ३८ औं बैठकका निर्णयहरु-२०८१।०१।३१ गते</u>

**निर्णय नं. १. गत बैठकको प्रगति समिक्षा सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८१।१।३० गतेको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको विषयमा जानकारी एवं छलफल भयो। अधिकांश निर्णयहरु कार्यान्वयन रहेको, केही निर्णयहरु कार्यान्वयनको चरणमा रहेको पाईयो ।

**निर्णय नं.२. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) को लागि आसय पत्र पेश गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) को लागि आसय पत्र पेश गर्ने सम्बन्धी मिति २०८१।०१।१७ गते प्रकाशित सूचना अनुसार यस गाउँपालिका आ.ब. २०८१।०८२ को आफ्नो योजना तथा बजेट तर्जुमा प्रकृयामा स्थानीय पूर्वाधार विकास सहयोग कार्यक्रम पाईलटलाई समाविष्ट गर्ने ईच्छा र प्रतिबद्ध भएकोले निम्न प्रतिबद्धता सहित स्थानीय पूर्वाधार सहयोग कार्यक्रम ( LISP) को लागि आसय पत्र पेश गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

क) स्थानीय तह स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (**LISP**) संगको सहकार्यमा मस्तिष्क मन्थनमा आधारित निर्णय प्रकृया अवलम्बन गरी स्थानीय पूर्वाधार सम्बन्धी योजना तथा समावेशी बजेटको निर्माण गर्न, स्थानीय पूर्वाधार विकासका लागि नवीनतम र सुधारिएका तरिका, साधन र विधि (**modality**) अवलम्बन गर्न र स्थानीय पूर्वाधार सहयोग कार्यक्रम मार्फत प्राप्त हुने सह लगानीलाई समग्र वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शिर्षकमा समावेश गर्ने र खर्चको लेखाजोखा **SuTRA** प्रणाली, सार्वजिनक खरिद, लेखा ब्यवस्थापन एवं लेखा परीक्षण प्रकृया मार्फत कार्य गर्न सरुमारानी गाउँपालिका ईच्छुक तथा प्रतिवद्ध रहेको छ ।

ख) वार्षिक योजना तथा बजेटमा स्थानीय पूर्वाधार कार्यक्रमसँगको सह-लगानीको हिस्सा बिनियोजन गर्न सरुमारानी गाउँपालिका ईच्छुक तथा प्रतिवद्ध रहेको छ ।

ग) पूर्वाधार सेवा प्रवाह एवंम मर्मत सम्भार सम्बन्धी कार्यविधि तथा निर्देशिका तयार/परिमार्जन तथा अनुमोदन गर्न, स्थानीय पूर्वाधार सम्बन्धी विवरण तयार तथा अद्यावधिक गर्न र सो को जानकारीको आधारमा स्थानीय पूर्वाधार मर्मतसम्भारको योजना र बजेट तर्जुमा गर्न सरुमारानी गाउँपालिका ईच्छुक तथा प्रतिवद्ध रहेको छ ।

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा प्याठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झक बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

सरुमारानी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बडडाँडा प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३
देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत
झग बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

घ) सरुमारानी गाउँकार्यपालिका र पुर्वाधार विकास समिति सक्रिय रहेको र यस गाउँपालिकाले आ.ब. २०७७/०७८ देखी नै स्थानीय तह संस्थागत स्वमूल्याकन (LISA) र गत बर्ष देखी नै स्थानीय तह वित्तिय शुसासन जोखिम मुल्यांकन (FRA) अवलम्वन गरेको छ।

साथै यस गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता योजना निर्माण भएको र सडक यातायात गुरुयोजना निर्माण प्रकृया शुरु भैसकेकोले चालू आ.ब. २०८०।०८१ भित्रै सम्पन्न हुनेछ ।

**निर्णय नं. ३. गाउँपालिकामा दर्ता भएका पकेटहरुलाई बीउ बिजन वितरण कार्यक्रममा लाभग्राही छनौट गर्ने सम्बन्धमा।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा सरुमारानी गाउँपालिकाको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत गाउँपालिकामा दर्ता भएका पकेटहरुलाई बिउ विजन वितरण कार्यक्रम संचालन गर्नका लागि प्रथम पटक मिति २०८१/०१/१० गते प्रकाशित सूचना अनुसार पेश हुन आएका ५ वटा कृषि पकेटका प्रस्तावहरुको स्थलगत प्राविधिक अनुगमन गर्दा सरुमारानी गाउँपालिका वडा नं. २ मा रहेको श्री गनाहा धान पकेट क्षेत्र र श्री दिपज्योति धान उत्पादन पकेट क्षेत्र कार्यक्रम गर्न इच्छुक नरहेको र सरुमारानी गाउँपालिका वडा नं. २ मा रहेका श्री वगाले धान उत्पादन पकेट क्षेत्र र दर्भान खोला धान उत्पादन पकेट क्षेत्र र वडा नं. ४ मा रहेको श्री सक्रिय बैंकेवेसी धान उत्पादन पकेट क्षेत्रलाई छनोट गरी धानको बिउ वितरण गर्ने निर्णय गरियो।

**निर्णय नं.४. योजना तर्जुमा/बजेट सिलिङ्ग तथा मार्गदर्शन/वडा स्तरीय योजना तर्जुमा सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आगामी आ.ब. २०८१।०८२ को लागि गाउँपालिकालाई प्राप्त हुने संघीय सरकार, प्रदेश सरकारको अनुमानित अनुदान र यस गाउँपालिकाको विभिन्न शिर्षकमा प्राप्त हुने अन्तरिक आयको अनुमानित बजेट शिलिङ्गर मार्गदर्शनको विषयमा जानकारी गराईयो । साथै सबै वडाहरुले टोल विकास संस्थाहरुको सहभागितामा सहभागितामूलक योजना तर्जुमाको प्रकृया अनुसार बडा स्तरबाट योजना तथा कार्यक्रमहरुको प्राथमिकिकरण गरी २०८१ जेष्ठ २० गते भित्र गाउँपालिकामा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५. शिक्षा सम्बन्धी कार्यविधि सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा गाउँपालिका शिक्षा शाखाबाट मस्यौदाको रुपमा पेश भएका तपशिलका कार्यविधिहरुलाई छलफलका क्रममा उठेका सुझावहरुलाई समावेश गरी स्वीकृत गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

क) गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा प्रधानाध्यापक छनौट तथा ब्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

ख) विद्यालय शिक्षक तथा कर्मचारी दरबन्दी मिलान तथा ब्यबस्थापन कार्यविधि, २०८१

सरुमारानी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बडडाँडा प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३
देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत
झग बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

निर्णय नं. ६. विविध सम्बन्धमा ।

- सुरक्षित नागरिक आवास कार्यक्रमको लाभग्राहीको नाम परिबर्तन सम्बन्धमा ।

यस गाउँकार्यपालिकाको मिति २०८०।१२।२२ गतेको निर्णय न. ४ अनुसार सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत वडा नं. २ मा छनौट भएको घरधुरी दान वहादुर कुवर रोजगारीको सिलसिलामा भारतमा गएको र निजले जस्तापाता लगाउन नसक्ने भएकोले निजको सट्टा सरुमारानी-२ गनाहाको किमा कुमारी सार्कीलाई छनौट गर्ने निर्णय गरियो ।

- विपदमा परेका घरहरुको घरनिर्माण सम्बन्धमा ।

गत बर्ष २०७९ को असोज महिनामा भएको अविरल बर्षाका कारण भएको क्षतीका कारण घर निर्माणको लागी लाभग्राही छनौट भई घर निमार्णकोलागी बजेट निकासा प्रकृया सुरु भएकोले उक्त छनौट भएका घरधुरीहरुले घर निर्माण गर्ने हो वा होईन, सो को एकिन गरी यथाशिघ्र गाउँपालिकामा विवरण पठाउने निर्णय गरियो ।

- टोल विकास संस्थामा संचालन गरिने कार्यक्रमको जानकारी सम्बन्धमा ।

यस गाउँपालिकाको चालू आ.ब.२०८०।०८१ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत संघीय विशेष अनुदान शिर्षक-टोल विकास संस्था सहयोग कार्यक्रमबाट संचालन हुने तपशिलका कार्यक्रम तथा योजनाहरुको विषयमा जानकारी भयो । उक्त कार्यक्रम यथाशिघ्र सम्पन्न गर्ने र टोल विकास संस्थाहरुमा नपुग थप सामग्रीहरु उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

**टोल विकास संस्थामा संचालन गरिने कार्यक्रम र टोलहरुको विवरण**

| क्र.स | कार्यक्रमहरुको नाम | बजेट रु. | वडाहरु | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | ६ | |
| १ | घरेलु हिंसा,बाल विबाह, बहु विबाह सम्बन्धि सचेतीकरण कार्यक्रम | २०,००० | मियाँटोल | गनाहाँफाट | दुर्गाभगवती र ऐरावती | तालपानी | उपल्लो र तल्लो हात्तिखाल | तिनकुने | |
| २ | सामाजिक विकृति र विसङ्गति विरुद्धको सचेतना कार्यक्रम | २०,००० | झिलिवाङ्ग | दर्भानटोल | सुजिनपुर | छत्तिवन दमार | उपल्लो र तल्लो विरिङ्गकोट | सरुमारानी | |
| ३ | बाताबरण प्रदुषण न्यूनिकरण कार्यक्रम | २०,००० | आटीटार | उपल्लो ददेरी | पालुथान | बङ्गाडा बजार | बाधखोर,जसपुर र बुढिचौर | स्कुलटोल | |

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

भक्त बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | वाताबरण संरक्षण कार्यक्रम | २०,००० | धामी समाज | रक्षेअसुर | देउतीथान | उपल्लो बड्डाडा | सौराकोट, प्यालिमाटी, र बुढीचौर | पाङ्गवाङ्ग-पाङ्गवाङ्ग पोखरी संरक्षण | |
| ५ | बाताबरणमैत्री पुर्वाधार निर्माण कार्यक्रम | ४०,००० | छात्रावास -छात्रावास चौपारी निर्माण | भुल्के भोम्पाली-भोम्पाली खानेपानी को मुलसंरक्षण तथा घेरावार | उदिनढुङ्गा-आलेपधेरा खानेपानी मूलसंरक्षण | दाङ्गसिङ्ग मान्द्रे-तल्लो मान्द्रे खानेपानी मूल संरक्षण | धारापानी र भासिकुटी-राङ्गबाङ्ग चौपारी निर्माण | भिंगृखोला-पुठाखोला खानेपानी मुहान संरक्षण तथा तारवार | |

- **योजना संशोधन सम्बन्धमा ।**

  यस गाउँपालिकाको आ.ब. २०८०/०८१ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत वडा नं. १ को साना किसान कृषि सहकारी ईनार निर्माण ( रु. ५०,०००/-) लाई संशोधन गरी धामी समाज ईनार निर्माण योजना ( रु. ५०,०००/-) कार्यान्वयन गर्ने निर्णय गरियो ।

- यस गाउँपालिकाको आ.ब. २०८०/०८१ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत गाउँपालिका प्रशासकीय भवनको कम्पाउन्ड निर्माण योजनालाई संशोधन गरी गाउँपालिका प्रशासकीय भवनमा फ्लोरिङ्ग कार्य गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो ।

प्रमाणिकरण मिति २०८१/०१/३१

२०८१/०१/३१

झग बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत